# सत्यापन

## पत्रकारका लागि तथ्यजाँच पुस्तिका



Funded by the European Union

international alert

Federation of Nepali Journalists

**नेपाल पत्रकार महासंघ**

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

www.fnjnepal.org

# सत्यापन

## पत्रकारका लागि तथ्यजाँच पुस्तिका



**नेपाल पत्रकार महासंघ**

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

www.fnjnepal.org

© सर्वाधिकार

नेपाल पत्रकार महासंघ

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

लेखकः रविराज बराल

फोन नंः ०१– ५९१४७८५, ५९१४७२३

इमेलः fnjnepalcentral@gmail.com

वेबसाइटः www.fnjnepal.org

प्रकाशन मितिः २०८२, कात्तिक

मुद्रित प्रतिः १०००

नेपाल पत्रकार महासंघको अनुमतिमा यो पुस्तिकाका सामग्री सन्दर्भ नबिग्रने गरी जनचेतनाका लागि पुनः प्रकाशन वा प्रयोग गर्न पाइनेछ।


# भूमिका

डिजिटल मिडियाको प्रयोग र प्रभावसँगै सूचनाको प्रवाह तीव्र र व्यापक भएको छ। फलस्वरुप मिथ्या सूचना, भ्रामक सूचना र दुष्प्रचारको प्रकोप पनि बढेको छ । यसले पत्रकारितामा मात्र नभएर लोकतन्त्रमा पनि गम्भीर चुनौती थपिएको छ । यस्तो चुनौतीसँग जुध्न पत्रकारहरूलाई सत्यापनका आधुनिक औजार र तौरतरिकाबाट सुसज्जित बनाउनु अत्यावश्यक भएको छ। यसका लागि नेपाल पत्रकार महासंघले पत्रकार आचारसंहिता परिपालना लगायतका विभिन्न अभियानहरू सञ्चालन गरिरहेको छ।

प्रस्तुत पुस्तिकाले पत्रकारहरूलाई यस्ता दुस्सूचनाहरू चिन्न, तिनको प्रभाव बुझ्न र त्यस्ता सामग्रीको सामना गर्न आवश्यक ज्ञान र सीप प्रदान गर्ने विश्वास महासंघले लिएको छ । महासंघले देशभर गरेका

स्थानीय, प्रादेशिक तथा सङ्घीय नीति संवाद तथा राष्ट्रिय अन्तर्राष्ट्रिय अध्ययनका आधारमा यो पुस्तिका तयार पारिएको हो ।

पत्रकार साथीहरूले पुस्तिकामा उल्लेखित सत्यापनका सिद्धान्त र औजारहरूको व्यावहारिक प्रयोग गरी सत्यनिष्ठ पत्रकारिताको माध्यमबाट सुसूचित समाजको निर्माणमा योगदान पुऱ्याउनुहुनेछ भन्ने अपेक्षा राख्दछु ।



**निर्मला शर्मा**
अध्यक्ष

# परिचय

हामी यस्तो युगमा बाँचिरहेका छौँ, जहाँ झूठ तथ्यभन्दा छिटो फैलिन्छ । सामाजिक सञ्जाल, मेसेजिङ एप लगायत सन्देश आदानप्रदान गर्ने माध्यम मात्र होइन, समाचार कक्षहरूबाट पनि यस्ता झूठ फैलिन सक्छन् । पत्रकारहरूले अप्रमाणित दाबी, भ्रम सिर्जना गर्ने उद्देश्यले तोडमोड वा सम्पादन गरिएका भिडियो, बेनामे स्रोत र राजनीतिक स्वार्थप्रेरित सामग्रीहरूसँग दैनिक रुपमा जुध्नुपर्ने हुन्छ ।

विभिन्न स्रोतबाट प्राप्त सूचनाको प्रमाणिकता जाँच्ने प्रक्रियालाई सत्यापन भनिन्छ । तथ्य, तथ्याङ्क र बयानहरूको शुद्धता र सटीकता परीक्षण गर्ने यस्तो विधिलाई तथ्यजाँच पनि भनिन्छ । सूचनाको सत्यापन वा तथ्यजाँच पत्रकारहरूका लागि मात्र नभएर नागरिकका लागि समेत उपयोगी र अत्यावश्यक सीप हो ।

यो पुस्तिका नेपाली पत्रकारहरूलाई यस्ता दुस्सूचनाहरू चिन्न, तिनको प्रभाव बुझ्न र त्यस्ता सामग्रीको सामना गर्न आवश्यक ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले तयार पारिएको हो । नेपाल पत्रकार महासंघले युरोपियन युनियनको आर्थिक सहयोगमा इण्टरनेश्नल अलर्ट, सञ्चारिका समूह र एकाउण्टबिलिटी ल्याबसँगको सहकार्यमा 'लोकतन्त्रको सुदृढीकरणः नागरिक सरोकार, सहभागिता र जवाफदेहिता' कार्यक्रम सञ्चालन गरेको छ । सोही कार्यक्रमअन्तर्गत भएका स्थानीय, प्रादेशिक तथा सङ्घीय नीति संवादमा आएका सुझावहरू तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय अध्ययनहरूलाई यो पुस्तिकाले सन्दर्भ सामग्रीका रुपमा लिएको छ ।

## पुस्तिकाको महत्व

मिथ्या सूचना स्थानीय हुन्छ र सीमापारसम्म फैलिन सक्छ । यो षड्यन्त्र सिद्धान्तहरूको कुरा मात्र होइन । नेपालमै पनि भूकम्पबारे झूठा सूचना, बनावटी चुनावी नतिजा र एआई निर्मित फर्जी भिडियोहरू जताततै तीव्र रुपमा भाइरल भइरहेका हुन्छन् । त्यसैले कुनै सूचना पत्याउनुअघि सत्यापन गर्नुपर्छ ।

मिडिया तथा डिजिटल साक्षरता न्यून छ । अधिकांश पाठक सोसल मिडियामा जे शेयर हुन्छ, त्यसैमा विश्वास गर्छन् । पत्रकारले मिहिनेत गरी तयार पार्ने समाचार सामग्रीले कयौँलाई सुसूचित गर्छन्, तर एकछिनको हतारोले पाठकलाई दिग्भ्रमित पार्न पनि सक्छ । त्यसैले तथ्यजाँच पत्रकारको सामाजिक दायित्व हो ।

मिडियाको विश्वसनीयताको अवस्था नाजुक छ । एउटा गल्ती, एउटा अप्रमाणित सूचना वा अपरिपक्व समाचार सामग्रीले पत्रकार र समाचार कक्षको प्रतिष्ठामा क्षति पुऱ्याउन सक्छ । सत्यापनले मात्र मिडियाको विश्वसनीयता जोगाउन सक्छ ।

राजनीतिज्ञहरूले सूचनालाई हतियारको रूपमा प्रयोग गर्छन् । ट्रोल पेजहरू, बनावटी सञ्चार संस्थाहरु, र सोसल मिडियाका अफवाहहरू समकालीन राजनीतिक रणनीतिका हिस्सा हुन् । तथ्यजाँचमार्फत् यस्ता दुष्प्रचार रोक्न सकिन्छ ।

तथ्यजाँच समाचारकक्षको डेस्कले मात्र गर्ने काम होइन । संवाददाताले आफूले पाएका तस्बिर, भिडियो, र दाबी सही हुन् कि होइनन् भनी तत्काले जाँच गर्नुपर्छ । सत्यापन हरेक पत्रकारको आधारभूत सीप हुनुपर्छ ।

अध्याय १

# दुस्सूचनाको विकृति

दुस्सूचनाका अनेक रुप हुन्छन् । मिथ्या सूचना, गलत सूचना, प्रोपगण्डालगायतका रुपमा यी इन्टरनेट आदिका माध्यमबाट मूलधारका मिडियासम्म आइपुग्छन् । दुस्सूचनाको प्रचारप्रसार विभिन्न तहमा, फरक उद्देश्य भएका समूह वा व्यक्तिद्वारा हुनसक्छ। जानीजानी बद्नियत राखेर तोडमोड गरिएका तथा अन्जानमा फैलिएका गलत सूचनाबीच फरक छुट्ट्याउनु अत्यावश्यक हुन्छ।

## आधारभूत परिभाषा

- **मिथ्या सूचना (Misinformation)**: यो गलत सूचना हो, तर हानि पुऱ्याउने नियतले तयार पारिएको भने हुँदैन । यो त्रुटिपूर्ण, अपूर्ण वा प्रसङ्ग हटाएर प्रस्तुत गरिएको जानकारी हुनसक्छ ।

- **भ्रामक सूचना (Disinformation)**: यो गलत सूचना हो र जानीजानी कुनै व्यक्ति, समूह, संस्था वा समुदायलाई हानी पुऱ्याउनका लागि तयार गरिएको हुन्छ । यो जानाजानी फैलाइएको भ्रूठ हो ।

- दुर्भावनायुक्त सूचना **(Malinformation)**: यो यथार्थमा आधारित सूचना हो, तर कुनै व्यक्ति, संस्था वा समुदायलाई हानी पुऱ्याउने उद्देश्यले प्रयोग गरिन्छ । यसमा गोप्य जानकारीलाई सार्वजनिक गर्नेजस्ता कार्यहरू पर्दछन् ।

- **फर्जी समाचार (Fake News)**: 'फेक न्युज' शब्द धेरै प्रयोग भए तापनि युनेस्कोजस्ता संस्थाहरूले यसको

प्रयोगलाई निरुत्साहित गर्छन् । किनकि, यो शब्द अस्पष्ट छ र वास्तविक समाचारको विश्वसनीयता कम गर्न राजनीतिकर्मीहरूले यसको दुरुपयोग गर्नेगरेका छन् । सामान्यतया, यसले समाचारको रूपमा प्रस्तुत गरिएको तर पूर्णतया बनावटी र भ्रमित पार्ने उद्देश्यले फैलाइएको सामग्रीलाई जनाउँछ ।

## दुस्सूचनाका प्रकारहरू

१. **व्यंग्य वा प्यारोडी (Satire or Parody):** कसैलाई हानी पुऱ्याउने नियतले नभई हँसाउने वा मूर्ख बनाउने उद्देश्यले निर्मित सामग्री ।

२. **भ्रामक सामग्री (Misleading Content):** कुनै व्यक्ति वा सवाललाई गलत तरिकाले प्रस्तुत गर्न सूचनाको भ्रामक प्रयोग ।

३. **नक्कली सामग्री (Imposter Content):** वास्तविक स्रोतको नक्कल गरेर प्रस्तुत गरिएको सामग्री ।

४. **मनगढन्ते सामग्री (Fabricated Content):** पूर्णतया गलत र हानि पुऱ्याउने सामग्री ।

५. **गलत सम्बन्ध (False Connection):** सामग्रीसँग मेल नखाने शीर्षक, तस्बिर वा क्याप्सन ।

६. **गलत सन्दर्भ (False Context):** गलत सन्दर्भमा प्रस्तुत गरिएको वास्तविक सामग्री ।

७. **तोडमोड गरिएका सामग्री (Manipulated Content):** वास्तविक सूचना, जस्तै तस्बिर वा भिडियोलाई तोडमोड वा हेरफेर गरिएका सामग्री ।

८. **डीपफेक र कृत्रिम मिडिया (Deepfakes and Synthetic Media):** डीपफेक कृत्रिम बौद्धिकता प्रयोग गरेर बनाइएका बनावटी श्रव्य-दृश्य सामग्री हुन्, जसलाई वास्तविक वा अवास्तविक भनेर छुट्ट्याउन अत्यन्त कठिन हुन्छ । कृत्रिम मिडियाले एआईको प्रयोग गरी बनाइएका सामग्रीलाई जनाउँछ जुन वास्तविकजस्ता देखिन सक्छन् । यस्ता सामग्रीले लोकतन्त्रका लागि गम्भीर खतरा निम्त्याउँछन् ।

अध्याय २

# दुस्सूचनाको वर्तमान प्रवृत्ति

## ऐतिहासिक पृष्ठभूमि

मिथ्या सूचना, भ्रामक सूचना, बनावटी खबर र दुष्प्रचार जस्ता दुस्सूचना नयाँ कुरा भने होइनन् । प्राचीन समाजहरूमा पनि दुस्सूचना अस्तित्वमा रहेको भेट्न सकिन्छ । इतिहासमा दुष्प्रचारलाई रणनीतिक रूपमा जनमत निर्माण गर्न, अख्तियारीलाई वैधानिकता दिन, जनपरिचालन गर्न, युद्धहरूलाई उचित ठहऱ्याउन र विरोधीहरूलाई तह लगाउन प्रयोग गरिन्थ्यो (ICIJ, २०१८) । छापाखानाको आविष्कार (गटनबर्ग प्रेस) भएपछि 'द ग्रेट मुन हक्स' (१८३५) जस्ता ठूला झूठा समाचार देखा परे । अझ पहिलो र दोस्रो

विश्वयुद्धमा नात्सी जर्मनी, सोभियत संघ लगायतका शक्तिराष्ट्रले दुष्प्रचारलाई हतियारकै रूपमा प्रयोग गरेका थिए ।

मिथ्या खबरको प्रयोग पत्रकारिता सुरु हुनुभन्दा धेरै पहिलेदेखि नै भएको पाइन्छ । महाभारत युद्धमा द्रोणाचार्यलाई पराजित गर्न फैलाइएको अश्वत्थामा मृत्युको खबरदेखि पछिल्लो समयमा पीत पत्रकारिता वा प्रोपगन्डा भनिएका सबै सञ्चार सामग्रीलाई मिथ्या सूचनाका रूपमा लिन सकिन्छ *(नेपाल फ्याक्टचेक डट ओआरजी)*।

## डिजिटल युगमा दुस्सूचनाका प्रवृत्तिहरू

- सामाजिक सञ्जालको भूमिका : सामाजिक सञ्जाल र इन्टरनेटले दुषित र विकृत सूचनालाई तीव्र गतिमा र व्यापक जनसमुदायसम्म फैलाउन मद्दत पुर्‍याएका छन् (HBS, २०२०; UNESCO, २०१८) ।

- **सहज उत्पादन र प्रसार**ः आधुनिक प्रविधिले गर्दा जो कोहीलाई सजिलैसँग विकृत सूचना उत्पादन गर्न र फैलाउन सक्ने बनाएको छ (PIDS, २०२१) ।

- **भावनात्मक अपील :** सनसनीपूर्ण र भावनात्मक रूपमा उत्तेजित पार्ने सामग्री छिटो भाइरल हुन्छन् (PIDS, २०२१) ।

- **राजनीतिक ध्रुवीकरणः** विकृत सूचनाले समाजमा राजनीतिक ध्रुवीकरण बढाउँछ (CPA, २०२३) ।

- **आर्थिक लाभ :** क्लिकबेट र विज्ञापनबाट आर्थिक लाभ कमाउन पनि यस्ता सामग्री फैलाइन्छ (Zimdars & McLeod, २०२०) ।

## अध्याय ३

# पत्रकारिता र लोकतन्त्रमा दुस्सूचनाको प्रभाव

दुस्सूचनाले लोकतन्त्रका आधारस्तम्भहरूलाई कमजोर बनाउँछ र पत्रकारिताको विश्वसनीयतामाथि प्रश्न खडा गर्छ ।

### लोकतन्त्रमा प्रभाव

- राजनीतिक प्रक्रियालाई असर पार्छ (HBS, २०२०) ।
- नागरिक सहभागिता र सुसूचित निर्णय प्रक्रियालाई कमजोर बनाउँछ (HBS, २०२०) ।
- विपक्षी र नागरिक समाजको आवाजलाई दबाउन प्रयोग गरिन्छ (HBS, २०२०) ।

- सामाजिक सद्भाव बिगार्छ र जनसमुदायबीच द्वन्द्व निम्त्याउन सक्छ ।

## पत्रकारितामा प्रभाव

- वास्तविक समाचार र पत्रकारहरूको विश्वसनीयता घटाउँछ (UNESCO, २०१८) ।
- पत्रकारहरू आक्रमणको निशाना बन्न सक्छन् (UNESCO, २०१८) ।
- सञ्चार संस्थाहरूको आर्थिक स्थिति र दिगोपनालाई कमजोर बनाउँछ ।
- सत्यतथ्य समाचार र विकृत सूचनाबीचको भेदलाई धमिलो पार्छ ।

## दुस्सूचना फैलाउनेहरू

नेपालमा मिथ्या सूचना फैलाउने काममा राजनीतिक दलदेखि विदेशी सरकारसम्म विभिन्न स्तरका र फरक उद्देश्य भएका कर्ताहरूको संलग्नता छ :

- **राजनीतिक क्षेत्र –** राजनीतिक दल, नेता, कार्यकर्ता र राजनीतिक आबद्धता भएका पेशाकर्मीहरू
- **सरकार –** सङ्घीय, प्रादेशिक र स्थानीय सरकार तथा मन्त्रीहरू
- **विदेशी सरकार –** बाह्य देशका सरकार
- **धार्मिक तथा जातीय समूह** - धार्मिक र जातीय मुद्दामा केन्द्रित समूहहरू
- **कन्टेन्ट क्रियटर –** क्लिकबेटका लागि सोसल मिडियामा सनसनीपूर्ण सामग्री उत्पादन गर्ने कन्टेन्ट क्रियटरहरू
- **राजनीतिक दल आवद्ध मिडिया –** राजनीतिक दलसँग आवद्ध रहेका र आर्थिक प्रभावमा रहेका सञ्चार संस्थाहरू
- **व्यक्ति –** सामाजिक सञ्जालमा प्रभावशाली व्यक्ति (Social Media Influencer), सोसल मिडियाका नक्कली एकाउण्ट र ट्रोलरहरू

अध्याय ४

# सूचना सत्यापनका औजार र तरिका

पत्रकारहरूले सूचनाको सत्यता जाँच्ने प्रकृयालाई सत्यापन भनिन्छ । एसियन कलेज अफ जर्नलिज्मका अनुसार सत्यापनका लागि निम्न औजार र प्रविधिहरूको प्रयोग गर्नुपर्छ ।

## तस्बिर प्रमाणीकरण

- **गुगल रिभर्स इमेज सर्च**ः तस्बिरको मूल स्रोत र प्रयोग भएको सन्दर्भ पत्ता लगाउन ।
- **रिभआई (RevEye)**ः विभिन्न सर्च इञ्जिनहरूमा एकै पटक तस्बिर खोज्न ।

- **क्रपिङ टुल्स** (Awesome Screenshot, Greenshot)ः तस्बिरको निश्चित भाग जाँच्न ।
- **मेटा डेटा टु गो**ः तस्बिर कहिले खिचिएको वा प्रकाशित भएको हो भनी निश्चित गर्न, मेटा डेटा पत्ता लगाउन ।
- **EXIF डाटा**ः क्यामेराको प्रकार, एक्सपोजर समय, आदि जानकारीका लागि ।

## भिडियो प्रमाणीकरण

- **इनभिड** (InVid)ः भिडियोलाई विभिन्न कि-फ्रेममा विभाजन गरी विश्लेषण गर्न ।
- **युट्युब डाटा भ्युअर** (Amnesty International)ः युट्युब भिडियोको अपलोड समय र अन्य विवरण पत्ता लगाउन ।
- **वाच फ्रेम बाई फ्रेम**ः भिडियोलाई ढिलो गतिमा सूक्ष्म विश्लेषण गर्न ।

## स्थान प्रमाणीकरण

- गुगल म्याप्स, गुगल स्ट्रिट भ्यु, गुगल अर्थ, म्यापिलरीजस्ता टुल प्रयोग गर्न ।
- तस्बिर वा भिडियोमा देखिएका सडक, भवन, सालिक, साइनबोर्ड, सवारी साधनको नम्बर प्लेटजस्ता सङ्केतहरूको विश्लेषण गर्न ।

## स्रोत प्रमाणीकरण

- **Who.is:** वेबसाइटको डोमेन दर्ता जानकारी पत्ता लगाउन ।
- **सोसल मिडिया अडिटिङः** व्यक्तिको अनलाइन गतिविधि र विश्वसनीयता जाँच्न । प्रयोगकर्ताको नाम, प्रोफाइल तस्बिरको रिभर्स इमेज सर्च गर्ने ।

## तथ्याङ्क प्रमाणीकरण

- तथ्याङ्कको स्रोत, सङ्कलन विधि, सम्भावित पूर्वाग्रह र नमूनाको प्रतिनिधित्वजस्ता पक्षहरूको जाँच गर्न ।

## समाचार र लेख पढ्ने तरिका

- पूरा लेख पढ्ने, लिड (lead) मात्र होइन ।
- विश्वसनीय स्रोत र उद्धरणहरू प्रयोग भए/नभएको हेर्ने ।
- लेखक र प्रकाशन मितिको विश्वसनीयता जाँच्ने ।
- आफ्नै पूर्वाग्रहप्रति सचेत रहने ।
- शङ्का लागेमा विशेषज्ञसँग परामर्श गर्ने ।

अध्याय ५

# पत्रकार, सञ्चार संस्था र सरोकारवालाको भूमिका

दुस्सूचनाको सामना गर्न र नागरिकसम्म सुसूचित जानकारी पुऱ्याउन पत्रकार र सञ्चार संस्थाहरूको भूमिका महत्वपूर्ण हुन्छ ।

## पत्रकारहरूको भूमिका (HBS, २०२०; ACJ)

- **सत्यापनः** सबै स्रोत र सूचनाको पूर्ण प्रमाणीकरण गर्ने । बहुस्रोत प्रयोग गर्ने ।
- **सन्तुलन र निष्पक्षताः** सत्यको सबैभन्दा नजिकको संस्करण प्रस्तुत गर्ने, अनावश्यक रूपमा उत्तेजना नफैलाउने । "गलत सन्तुलन" (false balancing) बाट बच्ने ।

- **पारदर्शिता**ः समाचार सङ्कलन प्रक्रियाबारे पारदर्शी रहने । त्रुटि भएमा तुरुन्त भूल सुधार गर्ने ।
- **सन्दर्भ**ः सूचनालाई उचित सन्दर्भमा प्रस्तुत गर्ने ।
- **जवाफदेह**ः आफ्ना सामग्रीप्रति जवाफदेही रहने ।
- **संवेदनशीलता**ः विपद् र संवेदनशील विषयमा रिपोर्टिङ गर्दा विशेष ध्यान पुऱ्याउने ।
- **डिजिटल सुरक्षा**ः अनलाइन आक्रमण र ह्याकिङबाट बच्न सुरक्षाका उपायहरू अपनाउने (UNESCO, २०१८) ।

## सञ्चार संस्थाहरूको भूमिका (HBS, २०२०; ACJ)

- **आन्तरिक संयन्त्र**ः पत्रकारहरूलाई दुस्सूचनाबारे शिक्षित गर्न र तथ्यजाँचका लागि आन्तरिक संयन्त्र विकास गर्ने ।
- **तथ्यजाँच डेस्क**ः समाचार उत्पादन प्रक्रियामा तथ्य-जाँचलाई अनिवार्य बनाउने ।

- **खोजमा लगानी**ः खोज पत्रकारिता र तथ्यजाँचमा लगानी बढाउने ।
- **सहकार्य**ः अन्य सञ्चार संस्था, तथ्यजाँच गर्ने संस्था र नागरिक समाजसँग सहकार्य गर्ने ।
- **विज्ञापन नीति**ः विज्ञापन र सम्पादकीय सामग्री स्पष्ट रूपमा छुट्याउने ।
- **मिडिया साक्षरता**ः दर्शक/पाठकमाझ मिडिया साक्षरता प्रवर्द्धन गर्ने ।

मिथ्या सूचनाविरुद्धको लडाइँमा हरेक **नागरिक**, **नागरिक समाज र प्रविधि कम्पनी**लगायत पक्षहरूको पनि महत्वपूर्ण भूमिका हुन्छ ।

## नागरिकको भूमिका

- मिडिया साक्षर बन्ने, आलोचनात्मक चेत विकास गर्ने (PIDS, २०२१) ।
- सूचनाको स्रोत र विश्वसनीयता जाँचेर मात्र सामाजिक सञ्जालमा शेयर गर्ने ।
- विकृत सूचना देखेमा रिपोर्ट गर्ने ।

## नागरिक समाज संस्थाहरूको भूमिका

- मिडिया साक्षरता अभियान सञ्चालन गर्ने ।
- नेपाल फ्याक्टचेक, नेपाल चेक लगायतका तथ्यजाँच प्लेटफर्मलाई अनुसन्धानमा सहयोग गर्ने ।
- दुस्सूचनाको निगरानी गर्ने र तत्क्षण निर्णय लिने ।

## सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक प्रविधि कम्पनीहरूको भूमिका

- दुस्सूचनाको प्रसार रोक्न प्रभावकारी कदम चाल्ने ।
- प्रयोगकर्ताहरूलाई गलत सूचना चिन्न मद्दत गर्ने औजारहरू विकास गर्ने ।
- आफ्ना एल्गोरिदमहरूमा पारदर्शिता ल्याउने ।
- तथ्यजाँच संस्थाहरूसँग सहकार्य गर्ने ।

## राज्य र नियामक निकायहरूको भूमिका

दुस्सूचनाविरुद्धको लडाइँमा राज्य र नियामक निकायहरूको भूमिका अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्दै सूचनाको गुणस्तर सुनिश्चित गर्ने सन्तुलित दृष्टिकोणमा केन्द्रित हुनुपर्छ ।

## सरकार र राज्य संयन्त्रको भूमिकाः

- अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको संरक्षण गर्ने
- दुस्सूचना विरुद्ध नीतिगत र कानुनी संरचना विकास गर्ने
- सरकारी स्तरमा मिडिया साक्षरता कार्यक्रमलाई प्राथमिकता दिने
- पत्रकार र सञ्चार संस्थाको सुरक्षा सुनिश्चित गर्ने

## राष्ट्रिय मानव अधिकार आयोगः

- अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको संरक्षण गर्ने
- दुस्सूचनाबाट प्रभावित व्यक्ति वा समूहको उजुरी सुन्ने र छानबिन गर्ने

- मानव अधिकार उल्लंघनका घटनामा सिफारिस गर्ने

## राष्ट्रिय सूचना आयोगः

- सूचनाको हक कार्यान्वयनमा निगरानी गर्ने
- सार्वजनिक निकायबाट सूचना प्राप्तिमा सहजीकरण गर्ने
- पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने

## प्रेस काउन्सिल नेपालः

- पत्रकार आचारसंहिताको पालना सुनिश्चित गर्ने
- उजुरी सुन्ने र छानबिन गर्ने संयन्त्रको रूपमा काम गर्ने
- सञ्चार क्षेत्रमा नैतिक मापदण्ड स्थापित गर्ने

## दुस्सूचनाको उजुरी र उपचारको प्रक्रिया

दुस्सूचनाको उत्पत्ति र प्रसार सरल नभएकाले सचेतना नै सबैभन्दा महत्वपूर्ण उपचार हो। समाचार कक्ष र तथ्यजाँच संस्थाहरूले यस्ता सामग्रीको नियमित तथ्यजाँच गरिरहेका हुन्छन् । प्रयोगकर्ताको

हिसाबले कानुनी कारबाही भन्दा पनि सूचनाको सत्यता जाँच्ने र जिम्मेवारीपूर्वक साझा गर्ने बानी विकास गर्नु नै प्रभावकारी उपाय हो।

## १. पत्रकार/सञ्चार संस्थास्तरमाः

- तुरुन्त भूल सुधार र स्पष्टीकरण प्रकाशन/प्रसारण गर्ने
- प्रभावित पक्षलाई स्पष्टीकरण र जवाफको अवसर दिने
- आन्तरिक छानबिन र सुधारात्मक कदम चाल्ने

## २. प्रेस काउन्सिल नेपालमाः

- लिखित उजुरी दर्ता गर्ने
- प्रेस काउन्सिलबाट छानबिन र सुनुवाइ
- निर्णय र सिफारिस कार्यान्वयन

## ३. राष्ट्रिय मानव अधिकार आयोगमाः

- मानव अधिकार उल्लंघनको उजुरी दर्ता

- आयोगबाट अनुसन्धान
- सिफारिस र अनुगमन

### ४. राष्ट्रिय सूचना आयोगमाः

- सूचनाको हक सम्बन्धी उजुरी
- सार्वजनिक निकायबाट सूचना नपाएमा वा अपूर्ण सूचनामात्र पाएमा अपील

### ५. अदालत/कानुनी प्रक्रियाः

- मानहानी वा अन्य कानुनी उल्लंघनमा अदालतमा मुद्दा
- साइबर अपराध सम्बन्धी उजुरी
- कानुनी उपचार र क्षतिपूर्ति

### ६. डिजिटल प्लेटफर्ममाः

- सामाजिक सञ्जालमा रिपोर्ट गर्ने
- प्लेटफर्मको कम्युनिटी गाइडलाइन अनुसार कारबाही

- कन्टेन्ट हटाउने (Content takedown) प्रक्रियालाई प्रभावकारी र पारदर्शी बनाउने

## उजुरीका लागि आवश्यक कागजातः

- उजुरीको विवरण र प्रमाण
- प्रभावित पक्षको विवरण
- दुस्सूचनाको स्क्रिनसट/प्रमाण
- पहिचान खुल्ने परिचय पत्र

अध्याय ६

# निष्कर्ष र सुझाव

दूस्सूचना आजको पत्रकारिता र लोकतन्त्रका लागि एक जटिल र बहुआयामिक चुनौती हो । यसको सामना गर्न पत्रकार, सञ्चार संस्था, नागरिक समाज, प्रविधि कम्पनी र सरकार सबैको सामूहिक पहल आवश्यक हुन्छ ।

## पत्रकारका लागि सुझाव

- सधैं सत्यनिष्ठा, व्यावसायिकता र नैतिक आचरण कायम राख्ने ।

- प्रमाणीकरणका नवीनतम औजार र तरिकाहरूसँग अद्यावधिक रहने ।
- आफ्ना दर्शक/पाठकहरूप्रति जवाफदेही बन्ने र उनीहरूको विश्वास जित्ने ।
- मिडिया साक्षरता प्रवर्द्धनमा सक्रिय भूमिका खेल्ने ।

## सञ्चार संस्थाका लागि सुझाव

- तथ्यजाँच र गुणस्तरीय पत्रकारितामा लगानी बढाउने ।
- पत्रकार र सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- पारदर्शी र जवाफदेही कार्यशैली अपनाउने ।

## नीतिगत सुझाव

- दूस्सूचनासम्बन्धी स्पष्ट परिभाषा र कानुनी व्यवस्था गर्ने (HBS, २०२०) ।
- मिडिया साक्षरतालाई विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा समावेश गर्ने (PIDS, २०२१) ।

स्वतन्त्र पत्रकारिता र तथ्यजाँच संस्थाहरूलाई सहयोग गर्ने ।

अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्दै दुस्सूचनाको प्रसारलाई नियन्त्रण गर्ने सन्तुलित नीति अवलम्बन गर्ने (HBS, २०२०) ।

# सन्दर्भ स्रोतहरू


- Acharya, U. (Ed.). (2025). Nepal's misinformation landscape. Center for Media Research – Nepal. https://doi.org/10.62657/cmr25a
- Asian College of Journalism. (n.d.). Misinformation and Disinformation: A handbook for journalists. Asian College of Journalism.
- Commonwealth Parliamentary Association. (2023). Parliamentary Handbook on Disinformation, AI and Synthetic Media. CPA.
- Heinrich Böll Stiftung. (2020). Misinformation, Disinformation, Malinformation: Causes, Trends, and Their Influence on Democracy (A Companion to Democracy #3). Heinrich Böll Foundation.

- International Center for Journalists (ICFJ). (n.d.). A short guide to the history of 'fake news' and disinformation. ICFJ.
- नेपालफ्याक्टचेक डट ओआरजी (मिति उल्लेख नभएको) । मिथ्या सूचना के हो? https://nepalfactcheck.org/what-is-fake-news/
- Siar, S. V. (2021). Fake news, its dangers, and how we can fight it (PIDS Policy Note No. 2021-06). Philippine Institute for Development Studies.
- UNESCO. (2018). Journalism, 'Fake News' & Disinformation: Handbook for Journalism Education and Training. UNESCO.
- Zimdars, M., & McLeod, K. (Eds.). (2020). Fake News: Understanding Media and Misinformation in the Digital Age. The MIT Press.

## अनुसूची

# पत्रकार आचारसंहिता

पत्रकार आचारसंहिता, २०७३ (संशोधित-२०७६) को दफा (४) अनुसार,

पत्रकार र सञ्चारमाध्यमले देहायअनुसार कर्तव्य पालना गर्नुपर्दछ

१. प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन

२. मानवअधिकार,अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मान

३. पेशागत मर्यादा तथा व्यवहार

४. सामाजिक दायित्व

५. सम्पादकीय स्वतन्त्रताको सम्मान

६. सत्य-तथ्य, सन्तुलित र वस्तुनिष्ठ सूचना सम्प्रेषण

७. समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण

८. गोप्य स्रोतको संरक्षण

९. गोपनीयताको हकको सम्मान

१०. भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता

११. राष्ट्रिय विपद्मा संयम

१२. मत सर्वेक्षणमा सतर्कता

१३. अन्तर्वार्तामा सजगता

१४. गल्ती सच्याउने तत्परता

पत्रकार आचारसंहिता, २०७३ (संशोधित-२०७६) को दफा (५) अनुसार,

## पत्रकार र सञ्चारमाध्यमले देहायअनुसार कार्यहरू गर्नुहुँदैनः

१. सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल् पुऱ्याउन नहुने ।

२. भेदभाव हुने गरी र निजी स्वार्थ पूर्तिका लागि सूचनाको सम्प्रेषण गर्न नहुने ।

३. हिंसा, आतङ्क र अपराधलाई प्रश्रय दिन नहुने ।

४. पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुनेगरी सूचनाको सम्प्रेषण गर्न नहुने ।

५. घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने ।

६. बीभत्स दृश्य र तस्बिर प्रकाशन वा प्रसारण गर्न नहुने ।

७. फोटो तथा दृश्यको गलत प्रयोग गर्न नहुने ।

८. पोष्ट डिलिट गर्न नहुने ।

९. अनुचित दवाव वा सम्बन्ध कायम गर्न नहुने ।

१०. प्रविधिको अदृश्य प्रयोग गर्न नहुने ।

११. न्याय निरूपणमा प्रभाव पार्न नहुने ।

१२. पेशागत मर्यादाविपरित उपहार तथा पुरस्कार ग्रहण गर्न नहुने ।

१३. मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर गर्न नहुने ।

१४. जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जना गर्न नहुने ।

●●●